Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

कैलाली, नेपाल

मितिः२०८३।०२।१३

## विषयः लैगिंक हिंसा विरुद्धको सचेतनामुलक टिककटक प्रतियोगिता सम्बन्धमा

यस मन्त्रालयको आ .व . २०८२/०८३ को महिला समुत्थान परियोजना अन्तर्गत लैङ्गिक हिंसा विरुद्धको सचेतनामुलक टिकटक प्रतियोगिता कार्यक्रममा सहभागी हुन ईच्छुक व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले सात दिन (मिति २०८३।०२।१९ गते) भित्र यस मन्त्रालयको ईमेल ठेगाना:mosdkailali07@gmail.com मा टिकटक भिडियो बनाई पठाउन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

लोकेन्द्र प्रसाद भट्ट
महाशाखा प्रमुख
सामाजिक विकास शाखा

(क) शर्तहरुः

१. भिडियो लैङ्गिक हिंसा न्यूनिकरण गर्ने र लैगिंक हिंसा विरुद्ध समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने खालको हुनु पर्नेछ ।
२. संवादमूलक, सन्देशमूलक र आफ्नै मौलिकता भएको भिडियोलाई प्रथमिकता दिईनेछ ।
३. भिडियो लैगिंक समानता कायम गराउने ,महिलाहरुलाई समाजिक तथा आर्थिक रुपमा सशक्तिकरणका उत्प्रेरणा जगाउने र लैगिंक हिंसा गर्नेलाई कानुनमा व्यवस्था भए बमोजिम दण्ड र सजायका विषयमा आधारित हुनु पर्नेछ ।
४. भिडियो सन्देश बढीमा १ मिनेटको हुनु पर्नेछ ।
५. कुनै एक व्यक्तिले बढीमा ३ वटा सम्म भिडियो पठाउन सक्नेछ । उक्त भिडियो छनौट गर्दा एक भन्दा बढी भिडियो छनौट गरिने छैन ।
६. सहभागीले टिकटक भिडियो आफ्नो टिकटक आईडी र फेसबुक पेजमा पोष्ट गरी प्रचार प्रसार गर्नु पर्नेछ ।
७. प्राप्त भिडियोहरुमा मन्त्रालयको अधिकार रहनेछ ।भिडियो सन्देश मन्त्रालयले सामाजिक संजाल लगायत डिजिटल माध्यमबाट प्रचार प्रसार र प्रसारणको निम्ति उपयोग गर्न सक्नेछ ।
८. तोकिएको शर्तहरु पालना नभएका र म्याद नाघी प्राप्त भएका भिडियोहरु स्विकार गरिने छैन ।
९. मन्त्रालयबाट गठित मुल्यांकन समितले उत्कृष्ट भिडियो छनौट गर्नेछ ।

मुल्यांकन समितिको सिफारिसका आधारमा छनौट भएका ५ जनालाई प्रति व्यक्ति २० हजार(नियमानूसार करकट्टी गरी)
नगद पुरस्कार सहित प्रसंशापत्र प्रदान गरिनेछ ।